परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक




❑ वर्ष १५ ❑ अंक ७ २०८३ भाद्र २१ आईतवार Sunday, 6 SEP 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## ऐतिहासिक ९५ औं राधाकृष्ण रथयात्रा सम्पन्न, 133 जना प्रहरीको फन्दामा

विराटनगर । विराटनगरको ऐतिहासिक ९५ औँ राधाकृष्ण रथयात्रा भव्यताका साथ सम्पन्न भएको छ । विराटनगर-१ स्थित तीनपैनी चोकमा रहेको राधाकृष्ण मन्दिरपरिसरमा शनिबार विशेष पूजाआजापश्चात् दिउँसो साढे ३ बजेदेखि रथयात्रा सुरु भएको थियो ।

मन्दिरपरिसरबाट सुरु भएको रथयात्रा तीनपैनी चोक, गोल्छा चोक, मेनरोड, ट्राफिक चोक, रोडशेष चोक र महेन्द्र चोक, बरगाछी हुँदै दुर्गा चोक पुगेर पुन: राधाकृष्ण मन्दिरमा राती ९ वजे राती रथ मन्दिरमा पुगी यात्रा विसर्जन भएको थियो ।



करिब आठ किलोमिटर दुरीको यस यात्राका क्रममा विभिन्न ४४ स्थानमा रथ विश्राम लिएको थियो । रथयात्राको सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै ठुलो सङ्ख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो । मोरङ प्रहरी प्रमुख एसपी कवित कटवालका अनुसार एक हजार पाँच सयभन्दा बढी प्रहरी ड्युटीमा खटिएका थिए ।

भिडभाडको निगरानी गर्न र सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन ड्रोन क्यामराको प्रयोग गरिएको थियो । रथयात्राका क्रममा उच्छृङ्खल गतिविधि गर्ने ११३ जनालाई प्रहरीले पक्राउ गरेको थियो । रथयात्रालाई व्यवस्थित बनाउन एक हजार एक सदस्यीय मूल समारोह समिति र २१ वटा उपसमिति फिल्डमा खटिएका थिए । श्रद्धालुको सुविधाका लागि स्वास्थ्य, खानेपानी र सरसफाइ टोली परिचालन गरिएको थियो ।

महाभारतकालीन विराट राजाको नगरीको रूपमा प्रचलित धार्मिक एवम् औद्योगिक सहर विराटनगर महानगरपालिका वडा नं. १, २, र ३ को संगम स्थल पानीटंकी पोखरियामा धर्मानुरागी मुखिया सोमराज पौडेल र कृष्ण प्रसाद पौडेल समेतबाट प्रदत यो पुण्य भूमीमा वि.सं. १९८८ मा यो मन्दिर धर्मप्रेमी धार्मिक व्यक्तित्व पं. श्री इन्दलाल भट्टद्वारा स्थापना भएको हो। यस मन्दिरको स्थापना कालदेखि नै बैदिक सनातन हिन्दू धर्म अनुसार दैनिक पूजा अर्चना हुनुका साथै हरेक वर्ष विभिन्न धार्मिक महोत्सव खास गरी, जनैपूर्णिमा, झुलन पर्व, श्री कृष्ण जन्माष्टमी, ऐतिहासिक रथ यात्रा, राधा अष्टमी, वामन जयन्ती, महाशिवरात्री मनाइदै आएको छ ।

जस मध्ये ऐतिहासिक रथ यात्रा यस मन्दिरको मात्र नभएर पूर्वाञ्चल बासी यसमा पनि विराटनगर बासीको गौरवमय धार्मिक पहिचान एवम् धार्मिक धरोहरको रुपमा स्थापित छ । रथ यात्रा एसिया महादेशकै सवैभन्दा ठूलो जगन्नाथपूरी पछिको दोस्रो ठूलो रथयात्राको

बांकी अन्तिम पेजमा...

## सिमा नाकामा निगरानी

विराटनगर । विपदमा परेका बालबालिकाको संरक्षण तथा सम्भावित ओसारपसार रोक्न कोशी प्रदेशका प्रमुख सीमा नाकामा निगरानी र अनुगमन प्रभावकारी बनाइने भएको छ ।

राष्ट्रिय बालअधिकार परिषद्, बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ कोशी प्रदेशको आयोजनामा मंगलबार सम्पन्न अनलाइन बैठकले विपद्को समयमा बालबालिका विभिन्न बहानामा ओसारपसार तथा श्रमजन्य कार्यमा प्रयोग हुनसक्ने जोखिमलाई मध्यनजर गर्दै सीमा नाकामा विशेष निगरानी गर्ने निष्कर्ष निकालेको समन्वय अधिकृत सुमन अधिकारीले जानकारी गराएका थिए ।

बैठकले सुनसरीको भण्टाबारी, विराटनगरको जोगवनी, भद्रपुरको गलगलिया, मेचीनगरको काकडभिट्टा तथा सूर्योदय नगरपालिकाको पशुपतिनगर नाकाबाट विपद्मा परेका बालबालिकालाई शिक्षा, पालनपोषण वा अन्य बहानामा भारततर्फ लैजान सक्ने सम्भावना रहेकाले सम्बन्धित निकायलाई प्रभावकारी अनुगमन गर्न आग्रह गरिएको अधिकारीलेको भनाई थियो ।

सीमा नाकामा कार्यरत संस्था तथा सम्बन्धित स्थानीय तहका बालकल्याण अधिकारी मार्फत बालबालिकाको आवत जावतमा विशेष निगरानी गर्ने तथा बालबालिकाको ओसारपसार र श्रमजन्य कार्यमा प्रयोगविरुद्ध व्यापक जनचेतनामूलक प्रचार प्रसार गर्ने निर्णय पनि बैठकले गरेको थियो ।

यसैगरी, विपद्मा परेका बालबालिकाका फोटो तथा भिडियो अनधिकृत रूपमा सामाजिक सञ्जालमा प्रकाशन तथा प्रसारण नगर्न सरोकारवाला मार्फत प्रभावकारी सूचना प्रवाह गर्ने निर्णय गरिएको छ । राष्ट्रिय बालअधिकार परिषद्ले भदौ १५ गते जारी गरेको विज्ञप्तिलाई आधार बनाउँदै बालबालिकाको गोपनीयता, मर्यादा र संरक्षणलाई प्राथमिकता दिनुपर्नेमा बैठकले जोड दिएको थियो ।

कोशी प्रदेशमा पछिल्ला केही वर्षदेखि भदौ र असोज महिनामा बाढी तथा पहिरोका कारण ठूलो धनजनको क्षति हुँदै आएको र आगामी करिब डेढ महिना पनि विपद्को जोखिम कायम रहने भएकाले बाल संरक्षणको पूर्वतयारीलाई तीव्रता दिने निर्णय गरिएको छ ।

त्यसका लागि प्रदेशमा सञ्चालनमा रहेका बाल हेल्पलाइन सेवा १०९८,

वांकी अन्तिम पेजमा...






## योजनामा...

पुस्तकालय, विज्ञान प्रयोगशाला तथा प्राविधिक शिक्षामा थप लगानी गर्नुपर्ने आवश्यकता छ। युवाहरूलाई लोकसेवा तयारी कक्षामा मात्र सीमित नराखी सूचना प्रविधि, डिजिटल उद्यमशीलता र स्टार्टअप प्रवर्द्धनसँग जोड्न सके गाउँमै रोजगारी सिर्जना गर्न सहयोग पुग्नेछ।

स्वास्थ्य सेवामा बर्थिङ सेन्टर र आधारभूत स्वास्थ्य सेवालाई अझ सुदृढ बनाउँदै विशेषज्ञ स्वास्थ्य शिविर, टेलिमेडिसिन सेवा तथा ज्येष्ठ नागरिक र दीर्घरोगीका लागि घरदैलो स्वास्थ्य सेवा विस्तार गर्न सकिए नागरिकले थप प्रत्यक्ष लाभ लिन सक्नेछन्।

विपद् व्यवस्थापनमा गाउँपालिकाले थालेका पूर्वतयारीका कार्यक्रम प्रशंसनीय छन्। अब प्रत्येक वडामा विपद् सामग्री भण्डारण केन्द्र, नियमित मोक ड्रिल (अभ्यास), विद्यालयस्तरमा विपद् शिक्षा तथा आधुनिक पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउनु समयको आवश्यकता देखिन्छ।

बजार व्यवस्थापनमा कर्सिया बजारलाई व्यवस्थित व्यापारिक केन्द्रका रूपमा विकास गर्न आधुनिक तरकारी तथा कृषि बजार, पार्किङ स्थल, सार्वजनिक शौचालय, फोहोर व्यवस्थापन, डिजिटल बजार अनुगमन र सीसीटीभी प्रणाली विस्तार गर्न सके बजार अझ व्यवस्थित र सुरक्षित बन्न सक्छ।

त्यसैगरी गाउँपालिकाले डिजिटल सुशासनलाई अझ प्रभावकारी बनाउँदै सबै सार्वजनिक खर्च, योजना प्रगति, ठेक्का प्रक्रिया र सेवा प्रवाहलाई नागरिकले सहजै हेर्न सक्ने खुला सूचना प्रणाली विकास गर्न सके पारदर्शिता र जनविश्वास अझ बलियो बन्नेछ।

आवधिक योजना सफल हुने वा नहुने कुरा योजना कति राम्रो छ भन्नेभन्दा पनि त्यसको कार्यान्वयन कति प्रभावकारी हुन्छ भन्नेमा निर्भर गर्छ। त्यसैले जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम र आम नागरिकबीच निरन्तर सहकार्य, पारदर्शिता र उत्तरदायित्व कायम गर्न सके धनपालथानले आफ्नो "समृद्ध, आत्मनिर्भर र सुशासित गाउँपालिका" बनाउने लक्ष्यलाई निश्चित रूपमा हासिल गर्न सक्ने विश्वास गर्न सकिन्छ।

आवधिक योजना एउटा दस्तावेज मात्र होइन, भावी पुस्ताप्रतिको प्रतिबद्धता पनि हो। आज बनाइने सही योजना र त्यसको इमानदार कार्यान्वयनले नै भोलिको धनपालथानलाई समृद्ध, सुरक्षित र उदाहरणीय गाउँपालिकाका रूपमा स्थापित गर्नेछ।

## ऐतिहासिक...

रूपमा चिनिने गर्दछ। यो रथ यात्रा आममानिसको आध्यात्मिक चेतनाको अभिवृद्धि, विश्ववन्धुत्व को भावना, धार्मिक सहिष्णुता र साम्प्रदायिक सद्भावको प्रतिकको रूपमा स्थापित भएको छ।

मन्दिर स्थापना सँगै वि.सं. १९८८ साल देखि यूगल जोडी भगवान श्रीराधाकृष्ण आरूढ 'खट' यात्राबाट प्रारम्भ भएको ऐतिहासिक जात्रा वि.सं. २०२५ सालबाट स्वर्गीय वृ.ज. भूपालमान सिंह कार्की एवम् स्व. सत्यनारायण धनावतद्वारा रथको निर्माण गरि निरन्तर रथयात्रा महोत्सव सञ्चालन हुँदै आएको रथ वि.सं. २०८२ सालमा विराटनगर महानगरपालिका र मन्दिर समितिको संयुक्त लगानीमा पून:निर्माण गरिएको भव्य रथ ९५ औं महोत्सव मनाएको छ।महोत्सवमा नेपाल र भारतका सबै जाति, वर्ण र लिङ्गका गरि करिब ५ लाख श्रद्धालु भक्तजनहरूले प्रत्यक्ष अवलोकन गरेको अनुमानछ।

रथ पेगोडा शैलीमा रहेको थिया नयाँ रथको उचाई २१ फिट ३ ईन्च, चौडाई १४ फिट, लम्वाई १९ फिट र जुवाको भाग ८ फिट रहेको छ। यस रथको अग्र भाग जुत्रावाट १६७फिट लम्वाईको डोरी दायाँ र १६५ फिट लम्वाईको डोरी बायाँ पट्टि फैलिएको छ। जसलाई दायाँ पट्टिको लट्ठामा पुरुष भक्तजन र बायाँपट्टिको लट्ठामा महिला भक्तजनहरुले लट्ठा समाई उक्त लट्ठालाई तानी रथ सञ्चालन गर्ने परम्परा अनुसार गरिएको थियो।

## सिमा...

सरोकारवाला संघसंस्था तथा अस्थायी संरक्षण गृहहरूले विपद्को समयमा बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापनका लागि आवश्यक पूर्वतयारी गर्ने भएका छन्।

बैठकले बाल संरक्षण सम्बन्धी सूचना तथा समन्वयलाई थप प्रभावकारी बनाउन बाल हेल्पलाइन १०९८, अस्थायी तथा दीर्घ कालीन संरक्षण केन्द्र र बालबालिकासँग काम गर्ने सरोकारवाला संस्थाहरूलाई समेटेर बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ कोशी प्रदेशको पहलमा ह्वाट्सएप समूह गठन गरी नियमित समन्वय गर्ने निर्णयसमेत गरेको थियो।

बैठकमा कोशी प्रदेशका प्रमुख सीमा नाकासँग जोडिएका चार स्थानीय तहका बालकल्याण अधिकारी, प्रदेशका पाँच वटा बाल हेल्पलाइन सेवा १०९८, माइती नेपाल तथा साना हातहरूका प्रतिनिधिको सहभागिता रहेको थियो।

बैठकले विपद्का बेला बालबालिकाको सुरक्षा, उद्धार, संरक्षण तथा सम्भावित ओसारपसार नियन्त्रणका लागि सरकारी निकाय, स्थानीय तह, सुरक्षा निकाय तथा बालबालिकासँग कार्यरत संघसंस्थाबीच निरन्तर समन्वय आवश्यक रहेको साझा निष्कर्ष निकालेको थियो।

NO SMOKING

# विराट राजवंशीको गौरव र पहिचानको उत्सव




विराटनगर। विराट राजवंशी समुदायको गौरव, पहिचान, संस्कृति र परम्परालाई संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित ऐतिहासिक राधाकृष्ण रथयात्रा २०८३ भव्य रूपमा सम्पन्न भएको छ।

राजवंशी समाज उत्थान समिति, केन्द्रीय कार्य समिति, विराटनगर-३ को आयोजनामा सम्पन्न रथयात्रामा राजवंशी समुदायको मौलिक संस्कृति, धार्मिक आस्था र परम्पराको आकर्षक प्रदर्शन गरिएको थियो। रथयात्राले समुदायमा आपसी एकता, सद्भाव र सांस्कृतिक चेतनालाई थप मजबुत बनाएको आयोजकले जनाएको छ।

कार्यक्रममा केन्द्रीय अध्यक्ष भुवनेश्वर राजवंशी, केन्द्रीय सदस्य हृदय राजवंशी, इन्द्रदेव राजवंशी लगायत राजवंशी समुदायका अगुवा तथा विभिन्न क्षेत्रका व्यक्तित्वहरूको सहभागिता रहेको थियो।

रथयात्रामा सांस्कृतिक प्रस्तुति तथा भजन-संगीतले थप आकर्षण बढाएको थियो। चर्चित गायक दीप नारायण राजवंशीको सहभागिताले कार्यक्रममा विशेष रौनक थपिएको थियो। त्यस्तै प्रदीप विश्वास र साधुलाल राजवंशी लगायतको उपस्थितिले कार्यक्रमलाई थप भव्य बनाएको थियो।

राधाकृष्ण रथयात्रा केवल धार्मिक कार्यक्रम मात्र नभई राजवंशी समुदायको मौलिक पहिचान, इतिहास, संस्कृति र एकताको जीवन्त प्रतिबिम्ब भएको सहभागीहरूले बताएका छन्।

आफ्नो भाषा, संस्कृति, कला, परम्परा र ऐतिहासिक पहिचानलाई नयाँ पुस्तासम्म पुर्‍याउने उद्देश्यसहित यस्ता सांस्कृतिक कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा सहभागीहरूले जोड दिएका छन्।

"संस्कृति बचाऔं, पहिचान जोगाऔं, पुस्तौंपुस्ता जोडौं" भन्ने सन्देशसहित सम्पन्न राधाकृष्ण रथयात्रा २०८३ ले विराट राजवंशी समुदायको सांस्कृतिक गौरवलाई अझ उजागर गरेको छ।

## विराटनगर महानगरपालिकाको सूचना

- ☐ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
- ☐ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
- ☐ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं।
- ☐ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं।
- ☐ छाडा चौपायाको नियन्त्रण गरौं, घरपालुवा चौपायाहरु छाडा नछाडौ।
- ☐ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- ☐ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- ☐ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं।
- ☐ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- ☐ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ☐ बालश्रम शोषण समाजिक अपराध हो।
- ☐ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ☐ सार्वजनिक स्थलमा जतातत फोहोरमैला नफालौं।

## मानव बेचबिखन नियन्त्रण गरौं

*मानव बेचबिखन भन्नाले :*

*- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,*
*- मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने,*
*- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृतिमा लगाउने,*
*- प्रचलित कानुन विपरीत मानव अंग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद विक्री गर्ने,*
*- वेश्यागमन गर्ने वा गराउने जस्ता कार्य हुनु।*

*तसर्थ :*

*- मानव बेचविखनजन्य कार्य गर्ने ! गराउनेलाई कानुन बमोजिम कारवाही हुनछ,*
*- मानव बेचबिखन गरे ! गराएको जानकारी पाएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौ।*

**नेपाल सरकार, विज्ञापन बोर्ड**




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# एकताको प्रतिक रथयात्रा

विराटनगरको ऐतिहासिक रथयात्रा केवल धार्मिक आस्था र परम्पराको निरन्तरता मात्र होइन, यो सामाजिक सद्भाव, सांस्कृतिक एकता र ऐतिहासिक पहिचानको जीवन्त प्रतीक पनि हो । हरेक वर्ष भगवान् श्रीराधाकृष्णको रथयात्राका अवसरमा विराटनगरमा देखिने उत्साह, उमंग र भक्तजनको सहभागिताले यस पर्वको धार्मिक तथा सांस्कृतिक महत्त्वलाई अझ उजागर गर्दै आएको छ । रथयात्रासँग विराटनगरको इतिहास, संस्कृति र सामाजिक जीवन गहिरोसँग जोडिएको छ । विभिन्न जातजाति, समुदाय, भाषा, धर्म र संस्कृतिका मानिसहरू एउटै उत्सवमा सहभागी भएर आपसी सद्भाव र भाइचाराको सन्देश दिनु यसको सबैभन्दा सुन्दर पक्ष हो ।

समय परिवर्तनसँगै समाजका मूल्य, जीवनशैली र प्रविधिमा ठूलो परिवर्तन आएको छ । तर पुस्तौंदेखि निरन्तर चलिआएको रथयात्राप्रतिको जनआस्था आज पनि उत्तिकै बलियो छ । नयाँ पुस्ताले समेत यसलाई उत्साहपूर्वक आत्मसात् गर्नु हाम्रो सांस्कृतिक सम्पदाप्रतिको सम्मानको उदाहरण हो । त्यसैले यस्ता ऐतिहासिक परम्परालाई संरक्षण गर्दै भावी पुस्तासम्म हस्तान्तरण गर्नु सबैको साझा दायित्व हो । धार्मिक उत्सवका नाममा हुने फोहोर, अव्यवस्थित पार्किङ, ध्वनि प्रदूषण र असहज गतिविधिलाई पनि नियन्त्रण गर्न आवश्यक छ ।

ऐतिहासिक पर्वलाई कुनै एक समुदायको मात्र नभई सम्पूर्ण विराटनगरवासीको साझा गौरवका रूपमा स्थापित गर्न आवश्यक छ। धार्मिक आस्थालाई सम्मान गर्दै सामाजिक सद्भाव, सहिष्णुता र एकताको सन्देश फैलाउने माध्यमका रूपमा रथयात्राको गरिमा अझ बढाउनुपर्छ । ऐतिहासिक रथयात्रा हाम्रो विगतको सम्झना मात्र होइन, वर्तमानको सामाजिक एकता र भविष्यको सांस्कृतिक पहिचानसँग जोडिएको अमूल्य सम्पदा हो। यसको मौलिकता जोगाउँदै आधुनिक व्यवस्थापनसहित अघि बढाउन सके विराटनगरको रथयात्रा धार्मिक आस्थाको केन्द्र मात्र नभई राष्ट्रिय सांस्कृतिक पहिचानको गौरवपूर्ण प्रतीक बन्न सक्छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# नेपाललाई दया होइन, जलवायू न्याय आवश्यक

**चेतनाथ आचार्य**

भदौ १० गतेको भोटेकोशी–त्रिशूली बाढीले नेपाल र चीनबीचको प्रमुख सीमा नाका केरूङलाई तहसनहस बनायो । रसुवा, नुवाकोट र धादिङ जिल्लाका त्रिशूली तटीय बस्ती उजाड बनाएको छ ।

नाकाको नेपालपट्टिको ठाउँलाई नेपाली भाषामा केरूङ भनिन्छ भने चीनतर्फको ठाउँलाई चिनियाँहरू चिलोङ भन्छन् । खासमा उच्चारणको फरक परेको भए चिलोङ र केरूङ दुवै शब्द एउटै हो ।

यो चीनको सिचाङ स्वायत्त प्रदेशको चिलोङ काउन्टीस्थित एउटा स्थल हो। चिनियाँ भाषामा चिलोङको अर्थ शुभ स्थान वा सुखी गाउँ हुन्छ ।

तिब्बती भाषामा चिलोङको अर्थ आरामदायी ठाउँ, खुसीको गाउँ वा सौभाग्यको बस्ती भन्ने बुझिन्छ ।

यस नामको उत्पत्तिसँग एउटा पौराणिक कथा जोडिएको छ। आठौं शताब्दीका बौद्ध गुरू पद्मसम्भव (गुरू रिनपोछे) नेपालबाट तिब्बत जाँदा यस स्थानबाट प्रवेश गरेका थिए ।

यहाँको सुन्दर हिमाली दृश्य र हरियालीबाट मन्त्रमुग्ध भएर यस ठाउँलाई उनले 'सुखद भूमि' भनेर नामकरण गरेको किम्बदन्ती छ । पछि त्यही नाम चिनियाँ र नेपाली भाषामा प्रचलित भएको हो ।

ऐतिहासिक नाका, सांस्कृतिक महत्त्व, आर्थिक कोरिडर, पर्यटकीय द्वार, जातीय पहिचान सबै कुरालाई एकैछिनको बाढीले तहसनहस बनाएको छ । यो लेखमा बाढीबाट क्षति र उद्धार कार्यबारे उल्लेख गरिएको छैन ।

यो लेखमा यो बाढीको जिम्मेवार को हो र यसको क्षतिपूर्ति कसले दिन्छ भन्नेबारे केही वैज्ञानिक आधारबाट विश्लेषण गरिएको छ ।

सबैभन्दा पहिले बाढीका बारेमा अन्तर्राष्ट्रिय सञ्चार माध्यमको दृष्टिकोणका केही उदाहरण हेरौं ।

अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले यो बाढीलाई गहन चासो दिएर प्राथमिकताका साथ समाचार र विश्लेषणहरू सम्प्रेषण गरेका छन् ।

द बोस्टन ग्लोबले लेखेको छ, 'नेपाललाई दया होइन, जलवायु न्याय चाहिन्छ ।'

द गार्जियनले पनि सम्पन्न राष्ट्रहरूले निम्त्याएको ग्लोबल वार्मिङको मूल्य नेपाली र तिब्बतीहरूले तिर्नु नपर्ने धारणा भन्दै केही विशेषज्ञको धारणालाई ठाउँ दिएको छ ।

तातिरहेको हिमालयबाट विनाशकारी परिणाम देखाएको भन्दै जलवायु परिवर्तनले अप्रत्याशित किसिमका खतराहरू सिर्जना गरिरहेको लेखेको छ ।

अहिलेसम्म विश्व बैंक, एसियाली विकास बैंक (एडिबी), अमेरिका, चीन, भारत, अस्ट्रेलिया, स्विट्जरल्यान्ड लगायत देश र रेडक्रस, अक्सफाम जस्ता संस्था हरूले उद्धार र राहतका लागि आर्थिक तथा प्राविधिक सहायता उपलब्ध गराएका छन् ।

कतिले सहयोग प्रदान गर्ने प्रतिबद्धता जनाएका छन्। तर, यी सहयोग र प्रतिबद्धताहरू क्षतिपूर्ति होइनन् । यी त सामाजिक दायित्वका रूपमा देखिएका उनीहरूका मानवीय सहायता मात्र हुन् ।

नेपालले यस्ता मानवीय सहायता स्वीकार गर्दै योभन्दा माथि उठेर हानि र क्षतिको कोषमार्फत औपचारिक रूपमा क्षतिपूर्तिको माग सशक्त बनाउन आवश्यक छ ।

उचाइबाट खसेको हिमनदीले नेपाल–तिब्बत विनाशकारी बाढी ल्याएको हुनसक्ने वैज्ञानिकहरूको भनाइ भन्दै यसको मुख्य कारण जलवायु परिवर्तनको एउटा प्रभाव भनेर बिबिसीले लेखेको छ ।

उसले लेखेको छ, 'प्रारम्भिक अनुसन्धानले हिमनदीको ठूलो भाग भत्किएर ल्हेन्दे खोलामा ठूलो मात्रामा बरफ र चट्टानको थुप्रो पसेको पुष्टि भएको छ ।'

अमेरिकी भूगर्भ सर्वेक्षण युएसजिएसले यस घटनालाई 'ग्लासियर क्लोल्याप्स' भन्दै जसको प्रभाव ५.२ म्याग्निच्युडको भूकम्प बराबर रहेको उल्लेख गरेको छ ।

विश्वका वैज्ञानिकहरूले वर्षौंदेखि हिमालयको पग्लिँदो बरफ र पर्माफ्रोस्टबारे चेतावनी दिँदै आएका छन् ।

इसिमोडको अध्ययन अनुसार हिन्दुकुश हिमालयका हिमनदीहरू सन् २००० यता दोब्बर दरमा पग्लिरहेका छन्। वैज्ञानिक सस्वत सान्यालले यसलाई 'कास्केडिङ खतरा' भनेका छन्। यी घटनाहरूको ढाँचा हेर्दा जलवायु परिवर्तनको प्रभाव देखिने डा. साइमन कुकले प्रस्ट्याएका छन् ।

अमेरिकी समाचार संस्था सिएनएनले 'नपाल तातिँदै गर्दा हिमनदी पग्लिने खतराको क्षेत्र' भनेर समाचार लेखेको छ । वैज्ञानिकहरूलाई उद्धृत गर्दै हिमपहिरोमा जलवायु परिवर्तनले मुख्य भूमिका खेल्ने औंल्याएको छ ।

नेपालका हिमाली क्षेत्रमा द्रुत रूपमा तापक्रम बढ्दै गएकाले त्यहाँका हिमनदीहरू पग्लिँदै र अस्थिर हुँदै गएको भनेर उक्त हिमपहिरोको मुख्य कारक जलवायु परिवर्तन भएको संकेत गरेको छ ।

च्यानल न्युज एसियाले नेपालमा हिमनदीजन्य बाढीको बढ्दो जोखिम उजागर गर्ने भन्दै हिमनदी द्रुत रूपमा पग्लिनु र त्यसपछि आउने विपदहरू उल्लेख गरेको छ ।

पर्माफ्रोस्ट (शताब्दीयौंदेखि जमेको चट्टान र माटो) का कारण हिमालय क्षेत्र कमजोर बनेको र तात्दै र अस्थिर हुँदै गएको कारणले प्राकृतिक विपत्ति आइलागेको लेखेको छ ।

उसले लेखेको छ, 'हिमालयका ठूला बरफका भण्डार अब सुरक्षित छैनन् ।'

निष्कर्ष निकालिएको छ– जलवायु परिवर्तनका कारणले हिमनदीहरू विश्वव्यापी रूपमा माथि सर्दै गइरहेका छन् र बाढी तथा हिमपहिरोको विपद यसको परिणाम हो ।

यसैगरी इन्डियन एक्स्प्रेसले 'पानीको पर्खाल, एक त्रासदी, एक चेतावनी : नेपालको बाढीले हिमालयबारे के बताउँछ' शीर्षकमा यो वर्षाबाट मात्र नभई अस्थिर बरफ, हिउँ र पग्लिएको पानीबाट उत्पन्न क्रायो–हाइड्रोलोजिकल खतरा भनेको छ ।

'कुनै पनि प्रकारको तापक्रम वृद्धि हानिकारक छ' लेखमा हिमनदी पगाल्दै अस्थिरता र अत्यधिक वर्षाको ढाँचा बढाउँछ भन्दै हिमालय विश्वको अधिकांश भागभन्दा छिटो तातो हुने स्थानमा रहेको उल्लेख छ ।

इन्डियन एक्स्प्रेसले एउटा तथ्यांक पनि प्रस्तुत गरेको छ, जहाँ लेखिएको छ, 'हिमतालहरू को संख्या सन् २००५ मा १,९२६ बाट सन् २०२४ मा २,६३१ पुगेको छ ।'

हिन्दुकुश हिमालयमा बरफ पग्लिने दर सन् २००० यता लगभग दोब्बर भएको उक्त लेखमा उल्लेख छ ।

एनडिटिभी 'नेपाल किन यति संवेदनशील : हिमताल र निरन्तर चलिरहेको हिमालय' शीर्षकमा यो विपद मौसमको एकल दुर्घटना मात्र नभएर दुई प्रक्रियाको प्रतिच्छेदन भएको लेखेको छ ।

हिमालयको तापमान वृद्धि र टेक्टोनिक प्लेटको टकरावका कारण हिमपहिरो गएको र बाढी आएको उसको निष्कर्ष छ ।

नेपाल हिमताल विस्फोटको लागि विशेषगरी संवेदनशील रहेको र यसले अन्तर्देशीय सुनामी सिर्जना गर्ने उल्लेख गर्दै इसिमोडको अनुसन्धानलाई उद्धृत गर्दै हिमनदीको बरफ ह्रास दर दोब्बर भएको उल्लेख गरेको छ।

उल्लिखित सबै अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले जलवायु

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरूवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# मोरंग उद्योग व्यापार संघको ६९ औं साधारण सभा सम्पन्न



मोरङ उद्योग व्यापार संघले आफ्नो ६९औँ वार्षिक साधारण उद्योगी व्यवसायीको उल्लेख्य सहभागीता। तस्वीर :श्याम सुन्दर सुतिहार

विराटनगर। मोरङ उद्योग व्यापार संघले आफ्नो ६९औँ वार्षिक साधारण सभाभव्यएवं सफलतापूर्वक सम्पन्न गरेको छ। संघको ७५ वर्षको ऐतिहासिक यात्रा, औद्योगिक योगदान र व्यावसायिक स्वाभिमान लाई समेटेर तयार पारिएको विशेष स्मारिका पुस्तक भिजन अफ लिगेसीको अनावरण विहीवार गरेको थियो।

संघको ७५ वर्ष पूरा भएको गौरवपूर्ण क्षणबारे प्रकाशपार्दै अध्यक्ष राठीले व्यापार, विश्वास र रुपान्तरणका ७५ वर्षहरु समेटिएको जीवन्त दस्तावेजका रुपमा भिजन अफ लिगेसीको स्मारिका प्रकाशन गर्न पाउनु संघको लागि ठूलो उपलब्धि रहेको बताउनु भएको थियो।

सभा अध्यक्ष अनुपम राठीले संघको ७५ वर्षको उपलक्ष्यमा प्रकाशित सो ऐतिहासिक स्मारिकालाई भव्य, गरिमामय र सर्वोत्कृष्ट बनाउन स्मारिका प्रकाशनका संयोजक अमित राठी तथा सह-संयोजक दिपेश सुवेदीले पुऱ्याउनु भएको अतुलनीय योगदानको विशेष रुपमाचर्चा र उच्चप्रशंसा गर्नु भएको थियो।

अध्यक्ष राठीले स्मारिका निर्माणको सुरुवाती चरणदेखि अन्तिम प्रकाशनसम्म संयोजक अमित राठी र सह-संयोजक दिपेश सुवेदीले देखाउनु भएको अहोरात्र परिश्रम, उच्च समर्पण र असीम लगन शीलताकै कारण सो स्मारिका पुस्तक एक ऐतिहासिक र जीवन्त दस्तावेजको रुपमाबाहिर आउन सफलभएको बताउनु भएको थियो। उहाँहरुले दिनु भएको अमूल्य समय र अथक प्रयासको उच्चमूल्याङ्कन गर्दै अध्यक्ष राठीले संघको तर्फबाट संयोजकद्वय अमित राठी र दिपेश सुवेदीप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्तगर्नु भएको थियो।

संघको ६९औँ वार्षिक साधारण सभाको प्रमुख अतिथि कोशी प्रदेश सरकारका माननीय मुख्यमन्त्री हिक्मत कुमार कार्की, विशिष्ट अतिथि नेपालउद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष सुरकृष्ण वैद्य, संघका पूर्व अध्यक्षहरु तथा संघका निवर्तमानअध्यक्षश्री नवीन रिजालले संयुक्त रुपमाउक्त स्मारिकाको भव्य अनावरण गर्नु भएको थियो।

उक्त अवसरमा उद्योगी, व्यवसायी, उद्योग वाणिज्य क्षेत्रका नेतृत्वकर्ताहरु तथा विभिन्न क्षेत्रका विशिष्ट महानुभावहरुको बाक्लो उपस्थिति रहेको उक्त समारोहमा संघको ७५औँ स्मारिकाको भव्य अनावरणसँगै ६९औँ साधारण सभाभव्य रुपमा सम्पन्नभएकोथियो।

# एके ग्रुपद्धारा एक करोड एक लाख सहयोग

विराटनगर। रसुवाको भोटेकोशी नदीमा भदौ १० गते आएको विनाशकारी बाढीबाट प्रभावितको राहत, पुनर्स्थापना तथा पुनर्निर्माणमा सहयोग पुर्याउने उद्देश्यले औद्योगिक घराना एके राठी ग्रुप र सारडा ग्रुपले संयुक्त रूपमा एक करोड एक लाख रुपैयाँ सहयोग गरेका छन्। उक्त रकम प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमाजम्मागरिएको हो।

एके राठी ग्रुपका निर्देशक तथा मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठी र सारडा ग्रुपका अध्यक्ष शिवरतन सारडाले सोमबार अर्थ मन्त्रालयमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई एक करोड एक लाख रुपैयाँको चेक हस्तान्तरण गरेका थियो।

चेक हस्तान्तरणका क्रममा दुवै औद्योगिक समूहका प्रतिनिधिले प्राकृतिक विपत्ति र राष्ट्रिय संकटका समयमा निजी क्षेत्र सरकारको सहकार्यमा निरन्तर सक्रिय रहँदै आएको बताएका थिए। आगामीदिनमा समेत विपद् व्यवस्थापन, राहत तथा पुनर्निर्माणका कार्यमा सरकारसँग सहकार्य र सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता उनीहरूले व्यक्त गरेका थिए।

सारडा ग्रुपका अध्यक्षाशिवरतन सारडाले विगतमा मुलुकले सामना गरेका विभिन्न प्राकृतिक विपत्तिका समयमा पनि आफ्नो समूहले प्रभावित नागरिक तथा सरकारलाई सहयोग गर्दै आएका थिए। विपद्बाट उत्पन्न मानवीय संकट समाधानका लागि सरकारी प्रयाससँगै निजी क्षेत्र र सामाजिक संघसंस्थाको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहने उनको भनाइ थियो।

एके राठी ग्रुपका निर्देशक अनुपम राठीले पनि प्राकृतिक प्रकोपबाट प्रभावित नागरिकको राहत तथा पुनर्स्थापनामा सबै पक्ष एकजुट हुनुपर्ने आवश्यकता औंल्याएका थिए। संकटको समयमा सरकारको प्रयासलाई निजी क्षेत्रले साथदिनु आफ्नो सामाजिक दायित्व समेत भएको उनको धारणा थियो।

बाढीपीडितको सहयोगका लागि सारडा ग्रुपले अन्य मानवीय सहायता कार्यक्रम पनि सञ्चालन गरेको जनाएको छ। समूहको वार्षिकोत्सवक ।अवसरमा आइतबार विराटनगर र काठमाडौंमा बाढीपीडित तथा घाइतेको उपचारका लागि १५० पिन्ट रगत संकलन गरिएको थियो।

सारडा ग्रुप नेपालको स्थापित औद्योगिक घराना मध्ये एक हो। समूह अन्तर्गत संयुक्त रूपमा आठ वटा उद्योग सञ्चालनमा छन्। खाने तेल, स्टिल, डिस्टिलरी, साबुन, प्लास्टिक, प्याकेजिङ, प्लान्ट मिल तथा अक्सिजन ग्याससँग सम्बन्धित उद्योगहरू समूह अन्तर्गत सञ्चालनमा रहेका छन्।

भदौ १० गते भोटेकोशीमा आएको बाढीले नदी आसपासका क्षेत्रमा ठूलो जनधनको क्षतिपुर्याएको थियो। बाढीपछि प्रभावित क्षेत्रमाखोज तथा उद्धार, राहत वितरण र क्षतिको विवरण संकलनको कामलाई तीव्रता दिइएको छ। सडक, पुल, बस्ती तथा विभिन्न पूर्वाधारमा पुगेको क्षतिका कारण उद्धार र राहत व्यवस्थापन चुनौती पूर्ण बनेको छ।

बाढीबाट प्रभावित परिवारलाई तत्काल खाद्यान्न, सुरक्षित बसोबास, स्वास्थ्य सेवा तथा अन्य आधारभूत सामग्रीको आवश्यकता रहेको अवस्थामा निजी क्षेत्रबाट प्राप्त सहयोगले राहत व्यवस्थापनमा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ।

प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोष प्राकृतिक विपत्ति तथा अन्य दैवी प्रकोपबाट प्रभावित नागरिकको उद्धार, राहत र पुनर्स्थापनाका लागि आर्थिक स्रोत परिचालन गर्ने सरकारी संयन्त्र मध्ये एक हो। बाढीपछि सरकारले स्वदेश तथा विदेशमा रहेका व्यक्ति, सामाजिक संघसंस्था र व्यावसायिक प्रतिष्ठानलाई प्रभावितको सहयोगका लागि योगदान गर्न आग्रह गर्दै आएको छ।

प्रभावित क्षेत्रका परिवारलाई तत्काल राहत उपलब्ध गराउनुका साथै दीर्घकालीन रूपमा पुनर्स्थापना र क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण गर्नु आवश्यक रहेकाले सरकारी प्रयासमा निजी क्षेत्रको सहयोग महत्वपूर्ण हुने सरोकारवालाहरूले बताएका छन्।



NO SMOKING

# लागुऔषध सहित १६ जना पक्राउ

विराटनगर। मोरंग, उदयपुर, सुनसरी, झापा र धनकुटाबाट लागू औषध सहित १४ जनालाई प्रहरीले पक्राउ गरेको छ।

भदौ १८ गते सुनसरीको धरान-५ का ३१ बर्षीय मनिराज भुजेललाई कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर (रिट) र इलाका प्रहरी कार्यालय धरानले ४ ग्राम ९१० मिलिग्राम ब्राउन सुगर सहित उनकै घरबाट पक्राउ गरेको थियो।

प्रहरी चौकी कप्तानगञ्जले देवानगंज गाउँपालिका-३ बाट देवानगंज गाउँपालिका-१ का सन्दिप कुमार मेहतालाई २१० मिलिग्राम ब्राउन सुगर र को. २५ प ७८९७ नम्बरको मोटरसाईकल सहित नियन्त्रणमा लिईएको थियो। त्यस्तै झापाको दमक- ५ स्थितबाट इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले इलाम चुलाचुली गाउँपालिका- ५ का ३५ बर्षीय हिरालाल बिश्वकर्मालाई ३ ग्राम २३० मिलीग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

प्रहरी चौकी टाघनडुब्बाले झापा गाउँपालिका-४ बाट बाह्रदर्शी गाउँपालिका-७ का २७ बर्षीय सन्तोष क्षेत्रीलाई १ ग्राम २६ मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो। धनकुटाको साँगुरीगढी गाँउपालिका- ६ भेडेटार चौक स्थितबाट इलाका प्रहरी कार्यालय भेडेटारले १५ किलो ७३ ग्राम गाँजा सहित ओसार पोसारमा संलग्न साँगुरीगढी-४ का भिम बहादुर लिम्बु, सागर लिम्बु र बीर बहादुर लिम्बुलाई को. २८ प ७२७७ र प्र.१-०२-५८ प ६०९९ नम्बरको दुई थान मोटरसाईकल सहित पक्राउ गरेको थियो।

त्यसैगरी कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको प्रादेशिक अनुसन्धान समूह (रिट) र इलाका प्रहरी कार्यालय रानी मोरङको प्रहरी टोलीले विराटनगर महानगरपालिका-१६ स्थितबाट १ ग्राम ३७० मिलिग्राम लागूऔषध ब्राउनसुगर सहित मोरङको केराबारी गाउँपालिका-७ का ३३ वर्षीय कमल राईलाई पक्राउ गरेको थियो।

यसैगरी उदयपुरको चौदण्डी गढी नगरपालिका-३ का २६ वर्षीय सावन राईले लागू औषधको कारोबार गर्दै गरेको भन्ने विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरी टोलीले राईको घर खानतलाशी गर्दा ट्रामाडोल १ हजार ४ सय ५४ क्याप्सुल र डाइक्लोमाईन १ हजार ४ सय ५४ ट्याब्लेट बरामद गरे संगै राई र चौदण्डीगढी-६ का २७ वर्षीय शुभ राईलाई पक्राउ गरेको थियो।

इलाका प्रहरी कार्यालय इटहरी सुनसरीले धादिङका २७ वर्षीय सुवास अर्याल र सिन्दुपाल्चोकका ३७ वर्षीय बिक्रम कार्कीलाई इटहरी उप-महानगरपालिका-४ स्थितबाट १९ ग्राम ३२० मिलिग्राम ब्राउन सुगर सहित र सुनसरीको भोक्राहानर्सिङ गाउँपालिका-२ का गौतम ऋषिदेव र सुन्दरहरैचा नगरपालिका-७ का २८ वर्षीय अमिन चौधरीलाई नियन्त्रणमा लिएको थियो।

भदौ १६ गते सुनसरीको दुहबी नगरपालिका ११ नहर चौक स्थित भित्री सडक खण्डमा अस्थाई प्रहरी चौकी तनमुनाबाट खटिएको प्रहरी टोलीले नहर चौक देखि शुक्रबारे तर्फ जादै गरेको को २१ प ७९८० नम्बरको मोटरसाईकलबाट गाँजा २८ के.जी. बरामद गरि मोटरसाईकल चालक सुनसरी देवानगंज गाँउपालिका ३ का २३ बर्षीय एम.डी. जावेद मियालाई पक्राउ गरेको थियो।

यसै गरी हिजै सुनसरीको कोशी गाँउपालिका १ लौकही स्थितबाट जिल्ला प्रहरी कार्यालय सुनसरी र इलाका प्रहरी कार्यालय लौकहीबाट खटिएको प्रहरी टोलीले मधुवनबाट लौकही तर्फ आउदै गरेको ना. ६० प. ५३९१ नम्बरको मोटरसाईकल बाट गाँजा १७ किलो १४० ग्राम फेला परे पश्चात मोटरसाईकल चालक भारत सुपौल पञ्चायत फत्तेपुर वडा नं. १ बस्ने २१ बर्षीय दिपक कुमार पोदारलाई पक्राउ गरिएको थियो।

पक्राउ परेका सबैजनाको सम्बन्धमा सम्वन्धित प्रहरी कार्यालयबाट थप अनुसन्धान भई प्रहरीले जनाएको छ।

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसावमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।
अन्तरिक राजश्व कार्यालय विराटनगर

# योजनामा समृद्ध धनपालथानको झल्को

## कृषि, शिक्षा, स्वास्थ्य, संस्कृति र सुशासनलाई आधार बनाएर परिवर्तनको यात्रामा धनपालथान गाउँपालिका

**पवन कुमार शाह**

कुनै पनि समाजको विकास एक्कासि हुँदैन। त्यसका लागि स्पष्ट दृष्टि, दीर्घकालीन सोचसहित र योजनाबद्ध रूपमा लामो समय काम गर्नुपर्दछ। यही सत्यलाई आत्मसात् गर्दै मोरङको धनपालथान गाउँपालिका आवधिक योजनामार्फत समृद्ध, आत्मनिर्भर र समावेशी भविष्य निर्माणको यात्रामा अघि बढिरहेको छ।

साविकका नोचा, कदमाहा, दादरबैरिया, अमाही बरियाती र सोराभाग गाविस मिलेर बनेको धनपालथान गाउँपालिका कृषिमा आधारित अर्थतन्त्र, नेपाल-भारत सीमासँगको निकटता तथा हिन्दु, मुस्लिम र इसाई समुदायको सहअस्तित्वका कारण विशिष्ट स्थानीय तहका रूपमा परिचित छ। यही सम्भावनालाई योजनाबद्ध रूपमा उपयोग गर्दै गाउँपालिकाले कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी र सामाजिक विकासलाई विकासको मुख्य आधार बनाएको छ।

यही सम्भावनालाई अवसरमा रूपान्तरण गर्ने आधारका रूपमा गाउँपालिकाले आवधिक योजना लाई अघि सारेको छ। यो योजना केवल सरकारी औपचारिकता होइन, गाउँपालिका ले आगामी वर्षहरूमा कुन दिशामा अघि बढ्ने भन्ने स्पष्ट मार्गचित्र हो।

स्थानीय सरकार गठनपछि धनपालथानमा विकासको गति क्रमशः बढ्दै गएको देखिन्छ। खानेपानीको पहुँच विस्तार, बर्थिङ सेन्टरमार्फत सुरक्षित मातृत्व सेवा, विपद् व्यवस्थापनमा पूर्वतयारी, युवाका लागि लोकसेवा तयारी कक्षा, सीपमूलक तालिम, महिला सशक्तीकरण, कृषि तथा सिँचाइमा लगानी, बजार व्यवस्थापन र सडक पूर्वाधारमा भएका कामले गाउँ पालिकाले विकासलाई बहु आयामिक रूपमा अघि बढाइरहेको संकेत दिएका छन्। यी सबै कार्यक्रमलाई एउटै लक्ष्यमा जोड्ने आधार भनेको आवधिक योजना नै हो।

गाउँपालिकाका अध्यक्ष जिवछ प्रसाद गच्छदार विकासलाई केवल भौतिक पूर्वाधार निर्माणका रूपमा हेर्नुहुन्न। उहाँका अनुसार स्थानीय सरकारको वास्तविक सफलता नागरिकको जीवनमा आएको परिवर्तनबाट मापन हुनुपर्छ।

'हामी आत्मनिर्भर धनपालथान निर्माण गर्ने लक्ष्यसहित अघि बढेका छौं। कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधार र रोजगारलाई एकीकृत रूपमा विकास गर्न सके मात्र गाउँपालिकाको समृद्धि सम्भव हुन्छ।' उहाँ अगाडि भन्नुहुन्छ, 'खानेपानीमा गरिएको लगानी नागरिकको स्वास्थ्यमा गरिएको लगानी हो। त्यसैले सबै वडामा सुरक्षित खानेपानीको पहुँच, आधुनिक कृषि, महिला उद्यम शीलता र युवालाई अवसरसँग जोड्ने योजनालाई आवधिक योजनाको केन्द्रमा राखेका छौं।'

अध्यक्ष गच्छदारको भनाइले गाउँपालिकाले उत्पादनमुखी विकासलाई प्राथमिकता दिएको स्पष्ट देखाउँछ। कृषि आधुनिकी करण, स्थानीय उत्पादनको बजारीकरण, साना उद्योगको प्रवर्द्धन र युवालाई गाउँमै अवसर सिर्जना गर्ने लक्ष्य गाउँपालिकाको दीर्घकालीन सोचसँग जोडिएको छ।

धनपालथानमा हिन्दु, मुस्लिम, इसाई लगायत विभिन्न समुदायका नागरिक यहाँ आपसी सद्भावका साथ बसोबास गर्छन्। गाउँपालिकाले यही सामाजिक एकतालाई विकासको बलियो आधार मानेको छ।

उपाध्यक्ष नसिमा बानोका अनुसार विकासको अर्थ केवल सडक र भवन निर्माण होइन, समाजमा नैतिकता, शिक्षा, महिला सशक्तीकरण र सांस्कृतिक चेतनाको विकास पनि हो।

उहाँ भन्नुहुन्छ, 'विकास भनेको सबै समुदायलाई साथ लिएर अघि बढ्नु हो। महिलालाई आत्मनिर्भर बनाउन, युवालाई सीप र रोजगारीसँग जोड्न, विपद्का लागि पूर्वतयारी गर्न र धर्म-संस्कृतिको संरक्षण गर्न गाउँपालिका प्रतिबद्ध छ।'

हामी गुरुकुल स्थापना, महिला उद्यमशीलता, सामाजिक समावेशीकरण र विपद् व्यवस्थापनलाई पनि प्राथमिकता का साथ अघि बढाइरहेका छौं। विपद् रोक्न सकिँदैन, तर पूर्वतयारी, योजना र नागरिकको सहभागिताबाट त्यसको क्षति धेरै कम गर्न सकिन्छ।"

उनको भनाइले गाउँपालिका को विकास अवधारणामा सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र समावेशी सोचले विशेष स्थान पाएको देखिन्छ। मदरसा, चर्च र प्रस्तावित गुरुकुललाई प्रतिस्पर्धाको विषय नभई नैतिक शिक्षा र सांस्कृतिक संरक्षणको माध्यमका रूपमा हेर्ने दृष्टिकोण पनि यही सोचको हिस्सा हो।

योजना बनाउनु एउटा पक्ष हो भने त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु अर्को चुनौती हो। गाउँपालिकाकी प्रमुख प्रशासकीय अधिकृत रिता खतिवडा प्रशासनिक दक्षता, पारदर्शिता र योजनाबद्ध कार्यान्वयनलाई आवधिक योजनाको सफलताको आधार मान्छिन्।

उहाँ भन्नुहुन्छ, "हामी आवधिक योजनालाई कागजमा सीमित राख्न चाहँदैनौं। बजेट, कार्यक्रम र कार्यान्वयनबीच स्पष्ट समन्वय गरेर प्रत्येक योजनाको प्रभाव नागरिकसम्म पुऱ्याउने हाम्रो लक्ष्य हो। बजार व्यवस्थापन, सेवा प्रवाह, पूर्वाधार निर्माण र संस्थागत सुधारलाई योजनाबद्ध रूपमा अघि बढाइरहेका छौं।"

गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को कुल बजेट ५१ करोड १८ लाख ७३ हजार ३११ रुपैयाँ रहेको छ। बजेटले शिक्षा क्षेत्रलाई सबैभन्दा बढी १ करोड ३८ लाख रुपैयाँ विनियोजन गरेको छ। स्वास्थ्यमा ७० लाख, कृषि सिँचाइ व्यवस्थापनमा ७५ लाख, कृषि र पशुपन्छी विकासमा २५-२५ लाख, ऊर्जा क्षेत्रमा ८० लाख, सिँचाइका लागि ट्रान्सफर्मर तथा एलईडी बत्ती विस्तारमा ५० लाख, विपद् व्यवस्थापन र लक्षित वर्गका कार्यक्रमका लागि २०-२० लाख तथा आधारभूत अस्पताल निर्माणका लागि १० लाख रुपैयाँ छुट्याइएको छ। खानेपानी तथा सरसफाइ, सामाजिक विकास, सूचना प्रविधि, न्यायिक समिति, फोहोरमैला व्यवस्थापन र अत्यावश्यक विपद् केन्द्र निर्माणका लागि समेत छुट्टाछुट्टै बजेट व्यवस्था गरिएको छ। संघ र प्रदेश सरकारसँगको समपुरक तथा विशेष अनुदानमार्फत ठूला आयोजना अघि बढाउने रणनीतिले स्थानीय स्रोतलाई बाह्य लगानीसँग जोड्ने प्रयास गरेको देखिन्छ।

धनपालथान कृषि प्रधान गाउँपालिका हो। अधिकांश परिवारको मुख्य आम्दानी खेतीपाती र पशुपालनबाट हुन्छ। त्यसैले आवधिक योजनाले कृषि उत्पादन वृद्धि, सिँचाइ विस्तार, कृषि यान्त्रीकरण, पशुपालन प्रवर्द्धन, उत्पादनको भण्डारण तथा बजारीकरणलाई विशेष महत्व दिएको छ। यदि यी योजना प्रभावकारी रूपमा कार्यान्वयन भए कृषकको आम्दानी वृद्धि हुनुका साथै गाउँपालिकाको अर्थतन्त्र पनि बलियो बन्ने अपेक्षा गर्न सकिन्छ।

शिक्षा र स्वास्थ्यलाई पनि गाउँपालिकाले समान प्राथमिकतामा राखेको छ। विद्यालयको गुणस्तर सुधार, सीपमूलक शिक्षा, लोकसेवा तयारी कक्षा, स्वास्थ्य चौकीको स्तरोन्नति, बर्थिङ सेन्टर सेवा, सुरक्षित मातृत्व, एम्बुलेन्स सेवा र स्वास्थ्य सचेतनाका कार्यक्रमले मानव विकासलाई केन्द्रमा राखेको स्पष्ट हुन्छ।

बजेटको अर्को रोचक पक्ष भनेको विकासलाई सडक र भवन निर्माणमा मात्र सीमित नराखी शिक्षा, कृषि, ऊर्जा, स्वास्थ्य र विपद् व्यवस्थापनलाई समान प्राथमिकतामा राख्नु हो। उत्पादनसँग जोडिने कृषि र सिँचाइ, मानव विकाससँग जोडिने शिक्षा र स्वास्थ्य तथा दीर्घकालीन सुरक्षा सुनिश्चित गर्ने विपद् व्यवस्थापनमा गरिएको लगानीले आवधिक योजनाका लक्ष्यसँग बजेटको तालमेल मिलेको देखिन्छ। यद्यपि, बजेटको ठूलो हिस्सा प्रशासनिक तथा सञ्चालन खर्चतर्फ गएको पनि देखिन्छ। गाउँपालिकाले प्रशासनिक संयन्त्रलाई प्रभावकारी बनाउँदै विकासतर्फ विनियोजन गरिएको बजेटको पूर्ण कार्यान्वयन गर्न सके मात्र यसले अपेक्षित प्रतिफल दिन सक्छ। त्यसैले यो बजेटको सफलता रकमको आकारले होइन, कार्यान्वयनको गुणस्तरले निर्धारण गर्नेछ।

धनपालथानको आवधिक योजना केवल सरकारी दस्तावेज होइन, किसानको आशा, युवाको सपना, महिलाको आत्मनिर्भरता, विद्यार्थीको भविष्य र समग्र गाउँपालिकाको समृद्धिको साझा प्रतिबद्धता हो। योजनाको सफल कार्यान्वयनका लागि जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज र आम नागरिकबीचको सहकार्य उत्तिकै आवश्यक छ।

अन्ततः विकास भनेको केवल सडक, पुल र भवन निर्माण होइन। विकास भनेको नागरिकको अनुहारमा देखिने आत्मविश्वास, युवाको आफ्नै गाउँमा देखिने भविष्य, किसानको उत्पादनको उचित मूल्य, महिलाको आर्थिक स्वतन्त्रता, बालबालिकाको गुणस्तरीय शिक्षा र समाजमा कायम हुने सद्भाव हो। धनपालथान गाउँपालिका आज त्यही भविष्यको आधार तयार गर्ने यात्रामा छ। आवधिक योजनाका लक्ष्यहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन सके धनपालथान आगामी वर्षहरूमा योजनाबद्ध विकास, सुशासन, आत्मनिर्भर अर्थतन्त्र र सामाजिक सद्भावको उत्कृष्ट नमुना स्थानीय तहका रूपमा स्थापित हुने बलियो आधार देखिन्छ।

यद्यपि, धनपालथान गाउँ पालिकाले विकासका विभिन्न क्षेत्रमा उल्लेखनीय पहल गरिरहेको भए पनि केही विषयमा अझ बढी ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ। आवधिक योजना प्रभावकारी बन्न कागजमा उल्लेख भएका लक्ष्यहरू समयमै कार्यान्वयन हुनु सबैभन्दा महत्वपूर्ण पक्ष हो। त्यसका लागि प्रत्येक योजनाको स्पष्ट कार्यतालिका, नियमित अनुगमन र सार्वजनिक मूल्याङ्कन प्रणालीलाई अझ बलियो बनाउन आवश्यक देखिन्छ।

कृषि क्षेत्रलाई समृद्धिको आधार बनाउने लक्ष्यलाई सार्थक बनाउन किसानलाई उत्पादनमा मात्र होइन, बजारीकरण, भण्डारण, प्रशोधन उद्योग र कृषि बीमासँग जोड्ने दीर्घकालीन कार्यक्रम आवश्यक छ। स्थानीय उत्पादनलाई 'धनपाल थान ब्रान्ड'का रूपमा स्थापित गर्न सके कृषकको आम्दानीमा उल्लेखनीय वृद्धि हुन सक्छ।

शिक्षा क्षेत्रमा विद्यालयको भौतिक पूर्वाधारसँगै गुणस्तरीय शिक्षण, सूचना प्रविधिमैत्री कक्षा,

वांकी अन्तिम पेजमा...

# भरुवा बन्दुक सहित दुई जना पक्राउ

विराटनगर। भरुवा बन्दुक ४ थान सहित दुई ठाउँबाट दुई जनालाई प्रहरीले पक्राउ गरेका छन्। पत्राउ पर्नेमा संखुवासभा को मकालु गाउँपालिका-५ का सिताराम गुरुङलाई १ नाल भरुवा बन्दुक सहित प्रहरीले पक्राउ गरेको थियो।

भदौ १५ गते मकालु गाउँपालिका-५ का सिताराम गुरुङले भरुवा बन्दुक लुकाई छिपाई राखेको छ भन्ने बिशेष सूचनाको आधारमा प्रहरी चौकी नुमबाट खटिएको प्रहरी टोलीले उनको घर खानतलासी गर्दा घर भित्र लुकाई छिपाई राखेको अवस्थामा १ नाल भरुवा बन्दुक, तयारी बारुद १०० ग्राम र छर्रा २० वटा बरामद भए संगै गुरुङलाई नियन्त्रणमा लिएको थियो। सोही टोलीले मकालु-५ मांसिमा स्थित ओडारमा बेवारीसे अवस्थामा रहेको १ नाल भरुवा बन्दुक, छर्रा, फलामको टुक्रा, बारुद र पटका समेत फेला पारी बरामद गरेको थियो।

त्यसैगरी मोरङबाट बेवारिसे ३ नाल र इलामबाट १ नाल भरुवा बन्दुक सहित १ जनालाई प्रहरीले पक्राउ गरेको थियो। भदौ १४ गते इलामको देउमाई नगरपालिका-५ का ३६ बर्षीय राज कुमार तामाङले घरमा भरुवा बन्दुक लुकाई छिपाई राखेको छ भन्ने बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय मंगलबारेबाट खटिएको प्रहरी टोलीले घर खानतलासी गर्दा उक्त घरबाट १ थान भरुवा बन्दुक फेला पारी तामाङलाई नियन्त्रणमा लिएको थियो।

त्यस्तै मोरङको मिक्लाजुङ गाउँपालिका- ६ स्थित मयुर सामुदायिक वन भित्र चोरी शिकारी हुने गरेको भन्ने बिशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले उक्त जंगलबाट बोरा भित्र बेवारिसे अवस्थामा रहेको भरुवा बन्दुक ३ नाल, फलामको नाल १ थान, बारुद १९ ग्राम २४० मिलिग्राम, ९८ वटा फलामको व्यारिङ, १३ वटा फलामका टुक्राहरु र झुम्रो समेत बरामद गरेको थियो।

पक्राउ परेका उपर प्रहरीबाट थप अनुसन्धान भई रहेको छ।

# लागु औषध सहित १० जना पक्राउ

विराटनगर। लागु औषध सहित १० जनालाई प्रहरीले पक्राउ गरेका छन्।

भदौ १४ गते झापाको कन्काई नगरपालिका-४ स्थित इलाका प्रहरी कार्यालय सुरुङगाबाट खटिएको प्रहरी टोलीले संखुवासभा घर भई हाल दमक नगरपालिका-५ स्थित डेरा गरी बस्दै आएका २९ बर्षीय साजन गुरुङलाई आईसक्रिमको बट्टा भित्र लुकाई छिपाई राखेको अवस्थामा २३ ग्राम ५४० मिलिग्राम ब्राउन सुगर फेला पारी नियन्त्रणमा लिएको थियो।

त्यस्तै मोरङको पथरी शनिश्चरे नगरपालिका- १० बाट इलाका प्रहरी कार्यालय पथरीले मिक्लाजुङ गाउँपालिका-७ का आयुष बोहोरालाई ९०० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो। लागू औषध सहित पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको छ।

त्यसरी सुनसरी र झापा जिल्लाको बिभिन्न स्थानहरुबाट भदौ १३ गते लागूऔषध सहित ८ जनालाई पक्राउ गरीएको छ। जिल्ला प्रहरी कार्यालय सुनसरी र अस्थायी प्रहरी पोष्ट बसपार्कको प्रहरी टोलीले सुनसरीको इनरुवा नगरपालिका-४ बसचोक स्थितबाट प्र.१-०२-०४६ प २२६५ नम्बरको स्कुटर चालक ईटहरी उप-महानगर पालिका-१० का जयराम चौधरी र पछाडी सवार अनुराग चौधरीलाई ३ ग्राम १२० मिलीग्राम लागू औषध ब्राउन सुगर सहित, मोरङको सुन्दरहरैंचा नगर पालिका-६ का ३८ वर्षिय खिलाराज राई र सुन्दरहरैंचा-९ का ३४ वर्षीय बिनोद लिम्बुलाई ४ ग्राम ११० मिलिग्राम ब्राउन सुगर सहित, ॠच्छ सोनापुरले दुहबी नगरपालिका-८ का २६ बर्षीय सन्दिप कार्कीलाई १ ग्राम ४६० मिलिग्राम, २७ वर्षीय अनिस कार्कीलाई १ ग्राम ५ सय मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको छ।अस्थायी प्रहरी चौकी देउराली सुनसरीले विशेष सूचनाको आधारमा धरान उप-महानगरपालिका ५ का २१ बर्षीय राजेश राईको घर कोठाबाट ३ सय ४० मिलिग्राम ब्राउन सुगर, लागू औषध गाँजा १०० ग्राम र नगद रुपैया १० हजार ६ सय ४० सहित राईलाई नियन्त्रणमा लिएको थियो। यसका साथै लागू औषध नियन्त्रण ब्यूरो काकरभिट्टा र इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले बिर्तामोड नगरपलिका-३ स्थितबाट बिर्तामोड-२ का ३४ वर्षीय सरोज भट्टराईलाई ३ ग्राम २२० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको छ।

पक्राउ परेका सबैजनाको सम्बन्धमा थप अनुसन्धान भईरहेको छ।



क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## नेपाललाई...

परिवर्तनलाई नै बाढीको मूल जड मानेका छन् ।

उनीहरूको साझा निष्कर्ष हिमनदी खस्ता हिउँ-चट्टानको पहिरो गएको र यसो हुनुको मुख्य कारण हिमालय क्षेत्रको द्रुत तापक्रम वृद्धिले हिमनदी र पर्माफ्रोस्टलाई अस्थिर बनाएको भनिएको छ ।

सन् २००० यता हिमनदी पग्लिने दर दोब्बर भएकाले क्रायो-हाइड्रोलोजिकल खतराको आवृत्ति बढ्दै गएको र जलवायु परिवर्तन नै यसको प्रमुख चालक भएको कुरामा सबैको समान मत छ ।

विश्वव्यापी जलवायु परिवर्तन र तापमान वृद्धिको मुख्य कारक कार्बन डाइअक्साइड र समग्र हरितगृह ग्यास हो। मान्छेले दैनिक प्रयोग गर्ने फ्रिज, हिटर, एसी, बिजुलीबत्ती, अन्य यन्त्रहरूबाट तापमान वृद्धिलाई कार्बन डाइअक्साइडको तहमा राखिन्छ। ठूलो उद्योगधन्दाबाट हुने प्रदूषणलाई समग्र हरितगृह ग्यासमा राखिन्छ ।

सन् २०२४ को तथ्यांक अनुसार नेपाली प्रतिव्यक्ति ०.५ देखि ०.६३ टन कार्बन डाइअक्साइड उत्पादन हुने गरेको छ ।

सन् २०२३ मा प्रतिव्यक्ति ०.४९ टन थियो । सुविधाहरूको वृद्धि र विभिन्न उपकरणको प्रयोग बढेपछि प्रतिव्यक्ति कार्बन डाइअक्साइड पनि बढेको देखिन्छ ।

विश्वमा चाहिँ औसत प्रति व्यक्ति ४.७ टन कार्बन डाइअक्साइड उत्पादन हुने गर्छ । यसको अर्थ के हो भने नेपालको भन्दा करिब ७-९ गुणा बढी कार्बन डाइअक्साइड उत्पादन गर्छन् ।

अब सम्पूर्ण हरितगृह ग्यास मिथेन, नाइट्रस अक्साइड आदिको उत्पादन हेरौं ।

नेपालमा सन् २०२४ मा प्रतिव्यक्ति हरितगृह ग्यास उत्पादन प्रतिव्यक्ति १.३२ टन रहेछ भने सन् २०२३ प्रतिव्यक्ति १.३५ टन रहेछ । यता विश्वको औसत प्रतिव्यक्ति हरितगृह ग्यास उत्पादन चाहिँ ६.६ टन छ, जुन नेपालको भन्दा करिब ५ गुणा बढी हो ।

सन् १८५० देखि हालसम्मको कुल उत्सर्जनमा अमेरिकाको योगदान सबैभन्दा ठूलो छ ।

किनभने औद्योगिक क्रान्तिपछि विश्वमा उत्सर्जन वृद्धि भएको हो । अमेरिकी प्रतिव्यक्ति उत्सर्जन १,५७० टन कार्बन डाइअक्साइड छ ।

पछिल्लो समय चीनले औद्योगिक विकास तीव्र बनाउँदै लगे पनि उसको उत्सर्जन २२७ टन मात्र छ । अर्थात् चीनभन्दा अमेरिकाले ७ गुणा बढी योगदान दिएको देखिन्छ ।

जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी प्यानल आइपिसिसीको छैटौं मूल्यांकन प्रतिवेदन अनुसार सन् २०११-२०२० को अवधिमा औद्योगिक सन्१८५०-१९०० भन्दा १.१ डिग्री सेल्सियस तापक्रम बढेको छ ।

अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले सन् २०२१ मा जारी गरेको प्रतिवेदन अनुसार पृथ्वी १९ औं शताब्दीको अन्त्य अर्थात् औद्योगिक क्रान्तिको सुरूवात भन्दा १.१ डिग्री सेन्टिग्रेडले तातेको छ ।

युरोपेली संघको जलवायु परिवर्तन सेवा 'कपरनिकस' का अनुसार सन् २०२३ को विश्वव्यापी औसत तापमान पूर्व-औद्योगिक स्तर (१८५०-१९००) भन्दा १.४५ डिग्री सेन्टिग्रेडले बढेको छ ।

विश्व मौसम विज्ञान संगठनले पनि यही तथ्यांकलाई समर्थन गरेको छ ।

विश्वप्रसिद्ध जर्नल नेचर र नेचर जियोसाइन्समा सन् २०१९ जुलाईमा प्रकाशित स्विट्जर- ल्यान्डको बर्न विश्वविद्यालयको अध्ययन अनुसार विगत २,००० वर्षको सबैभन्दा तातो ५१ वर्षको अवधि २० औं शताब्दीमा पर्छ। र, त्यो तापक्रम विश्वको ९८ प्रतिशतभन्दा बढी क्षेत्रमा देखिएको छ ।

कुल तापमान वृद्धिको दुई-तिहाइभन्दा बढी अंश सन् १९६० पछि मात्र भएको हो। सन् १९८० पछिको वृद्धिदर हरेक दस वर्षमा सरदर ०.१८ डिग्री सेन्टिग्रेडभन्दा माथि पुगेको छ ।

औद्योगिक क्रान्तिपश्चातको तापमान वृद्धि मानवीय क्रियाकलाप (जीवाश्म इन्धन दहन, वन फँडानी) ले उत्पन्न गराएको हो । हालको वृद्धिदर यदि यसैगरी रह्यो भने, विश्वले सन् २०३० को दशकमै औसत १.५ डिग्री सेन्टिग्रेडको सीमा पार गर्ने प्रक्षेपण गरिएको छ ।

न्युक्यासल विश्वविद्यालयकी ग्लेसियोलोजी विभागकी प्रोफेसर बेथन डेभिसको नेतृत्वमा भएको एक अनुसन्धान अनुसार लाङटाङ क्षेत्रको ४,००० मिटरभन्दा माथिको भू-भाग सन् १९६० को दशकदेखि विश्वको औसत तापक्रम वृद्धिको तुलनामा लगभग ५ गुणा बढी दरले न्यानो हुँदै गएको पाइएको छ ।

विज्ञहरूले यो घटनालाई जलवायु परिवर्तनको चेतावनीका रूपमा लिनुपर्ने बताएका छन् । लाङटाङ क्षेत्रको ४,००० मिटरभन्दा माथिको भू-भाग सन् १९६० पछि विश्वको औसत तापमानभन्दा करिब ५ गुणा बढी दरले न्यानो भएको छ ।

यसले हिमनदीहरू पग्लिने र पर्माफ्रोस्ट कमजोर हुने क्रम तीव्र बनाएको छ ।

बढ्दो तापक्रमले हिमनदी-हरू र त्यसमुनिका चट्टानी संरचनाहरू कमजोर बनाउँछ। यसले गर्दा ठूला भागहरू भत्किने जोखिम निकै बढी हुन्छ। विशेषगरी हिमालय क्षेत्रका लागि यो गम्भीर समस्या हो ।

उच्च हिमाली क्षेत्रमा तापक्रम वृद्धि र त्यसले गर्दा उक्त क्षेत्रमा आएको समग्र परिवर्तन नै यसको कारक भएको अनुमान गर्न सकिन्छ ।

तापक्रमको वृद्धिले नै लाङटाङमा हिमपहिरो गएको कुरामा सबै विज्ञ र वैज्ञानिकहरू सहमत छन् ।

त्यसो भए तापमान वृद्धि गराउने विकसित मुलुकहरूले यसको सोधभर्ना गर्नुपर्ने कुरा नेपाली प्राज्ञहरूले राख्न थालेका छन् ।

यस घटनाले नेपालजस्ता कम कार्बन उत्सर्जन गर्ने राष्ट्रहरू जलवायु परिवर्तनको चपेटामा कसरी पर्छन् भन्ने छर्लंग देखाएको छ। पछिल्लो समय नेपालले वनजंगल उल्लेख्य रूपमा बढाएको छ ।

फलस्वरूप कार्बन बिक्रीबाट नेपालले विकसित मुलुकबाट हरेक वर्ष प्राप्त गर्ने पैसा बच्चालाई ललिपप देखाएजस्तो मात्र भएको पूर्व मुख्यसचिव लीलामणि पौड्याल बताउँछन् ।

अब नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा यो बाढीको क्षतिपूर्तिका लागि जोडदार आवाज उठाउनुपर्ने र अन्तर्राष्ट्रिय समाजले पनि साथ दिनुपर्ने उनको विचार छ ।

पौड्याल भन्छन्, 'पहिले जे भयो भयो, त्यसलाई छाडौं। अबको कार्बन उत्सर्जनमा नेपालले पैसा पाउँछ भन्ने जस्ता लोभ्याउने कुरामा नेपाल भुलिनु हुँदैन। सशक्त रूपमा क्षतिपूर्तिको माग राख्नुपर्छ ।'

पछिल्लो समय अमेरिका विश्व जलवायु परिवर्तन अभियानबाट अलग भएको छ ।

अमेरिकाकै नर्थ क्यारोलिना स्थित अपालाचियान राज्य विश्वविद्यालयमा दिगो विकास तथा भूगोलका प्रोफेसर डा. दिनेश पौडेल अमेरिका आफ्नो दायित्वबाट भाग्न नसक्ने बताउँछन् ।

नेपालले माग गर्ने क्षतिपूर्तिमा सबैभन्दा धेरै योगदान अमेरिकाले दिनुपर्ने र अन्य औद्योगिक क्रान्तिका विकसित मुलुकहरूले सोही अनुसार दामासाहीले नेपाललाई क्षतिपूर्ति दिनुपर्ने तर पौडेलको छ ।

बर्दियाका अमृत शर्मा हाल त्रिभुवन विश्वविद्यालयको पाटन क्याम्पसको वातावरण विज्ञानमा कार्यरत छन्। उनले सन् २०२४ मा चीनको ख्यातिप्राप्त छिङ्ह्वा विश्वविद्यालयबाट हाइड्रोलिक इन्जिनियरिङमा विद्यावारिधि गरेका छन् ।

लाङटाङ हिमपहिरोलाई नजिकैबाट खोज अनुसन्धान गरिरहेका शर्मा पनि नेपालले क्षतिपूर्ति प्राप्त गर्ने कुरामा दरिलो गरी नेपाल उभिनुपर्ने सुझाव दिन्छन् ।

जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय गोष्ठी र सम्मेलनमा नेपाल झारा टार्ने रूपमा मात्र उपस्थित हुँदै गएको भन्दै विज्ञ र अडान लिन सक्ने व्यक्तिलाई सरकारले पठाएर आफ्नो मागमा जोडतोड रूपमा आवाज उठाउनुपर्ने उनको तर्क छ ।

दक्षिण एसियामा जलवायु परिवर्तनबाट प्रताडित राष्ट्रहरूमा माल्दिभ्स, नेपाल जस्ता आर्थिक रूपले विपन्न राष्ट्र नै बढी मारमा परेका छन् ।

विश्वव्यापी तापमात्र वृद्धिमा जसको कुनै योगदान छैन, उही राष्ट्रले यस्तो विकराल अवस्था भोग्नु विडम्बनापूर्ण छ ।

अन्तर्राष्ट्रिय न्यायका दृष्टिले पनि नेपालले क्षतिपूर्ति प्राप्त गर्नुपर्ने कुरामा सबैले नेपाललाई समर्थन गर्नुपर्ने अवस्था छ ।

यसका लागि नेपालले कूटनीतिक पहल गर्न अपरिहार्य छ । सेतोपाटीबा सभार

## जीवन विकासद्वारा २५ लाख सहयोग



विराटनगर । भोटेकोशीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकहरूको उद्धार, राहत र पुनस्थापनाका लागि जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले २५ लाख ५ हजार रुपैयाँ सहयोग गरेको छ ।

कोशी प्रदेश मधेश प्रदेश र बागमती प्रदेशका ३१ जिल्लामा नागरिकको घरदैलोमा पुगेर वित्तीय सेवा प्रवाह गर्दै आएको जीवन विकासले बुधबार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम जम्मा गरेको हो ।

जीवन विकासमा कार्यरत कर्मचारीहरूले एक दिनको पारिश्रमिक र संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत २५ लाख ५ हजार रुपैयाँ कोषमा जम्मा गरिएको संस्थाका प्रमुख कार्यकारी अधिकृत संजयकुमार मण्डलले जानकारी दिए ।

'विपद्को कठिन घडीमा सामाजिक उत्तरदायित्व अन्तरगत हामीले सहयोग गरेका हौं,' सिइओ मण्डलले भने, 'हाम्रो सानो सहयोगले बाढीबाट विस्थापित र प्रभावित हुनुभएका दाजुभाइ तथा दिदीबहिनीहरूको दैनिक जीवनयापनमा केही राहत पुग्ने विश्वास लिएका छौं ।'

संस्थाले गत भदौ १० गते आएको भीषण बाढीले पुऱ्याएको ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गरेको छ । बाढीका कारण ज्यान गुमाउनेहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै संस्थाले शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भनी समवेदना समेत प्रकट गरेको छ ।

मोरङको कटहरीमा केन्द्रीय कार्यालय रहेको जीवन विकास लघुवित्तले हाल कोशी, मधेश र बागमती प्रदेशका ३१ जिल्लामा ग्रामीण क्षेत्रका नागरिकको घरदैलोमा पुगेर वित्तीय सेवा प्रवाह गर्दै आएको छ ।

## गाँजा बोकेको बोलेरो सहित ३ जना पक्राउ

विराटनगर । इलाका प्रहरी कार्यालय कटारी उदयपुरले १ हजार १ सय २२ किलो लागू औषध गाँजा र बोलेरो सहित ३ जनालाई पक्राउ गरेको छ ।

भदौ १५ गते बिहान कटारी नगरपालिका-६ बाँकेटार शान्तीवन क्षेत्रमा गाँजा ओसारपसार भइरहेको भन्ने विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले वन भित्र खोजतलास गर्ने क्रममा बा. १६ च ५२६९ नम्बरको बोलेरो र जंगलको बिभिन्न स्थानहरुमा ५२ वटा प्लास्टिको बोरामा लुकाई राखेको अवस्थामा १ हजार १ सय २२ किलो ग्राम गाँजा बरामद गरेको थियो ।

गाँजा बरामद भए संगै ओसार पसारमा संलग्न ताप्ली गाँउपालिका-१ का ५५ वर्षीय राम बहादुर मगर, २१ वर्षीय नेक बहादुर मगर र ४६ वर्षीय पृथ्वीराज मगरलाई समेत नियन्त्रणमा लिएको थियो । गाँजा सहित पक्राउ परेका उनीहरुको थप अनुसन्धान तथा आवश्यक कानूनी कारबाही भईरहेको छ ।




